**संघीय संसद**

**राष्ट्रिय सभा**

**दशौं अधिवेशन**

**बैठक -११**

**सूचनापत्र -२**

**(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)**

**२०७८ असोज ११, सोमबार**

---

संघीय संसद, राष्ट्रिय सभाको दशौं अधिवेशनको एघारौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा बिहानको ११:०० बजे प्रारम्भ भयो।

कार्यसूचीमा प्रवेश गर्नुपूर्व नै प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू उठ्नु भएपछि सम्माननीय अध्यक्षले प्रमुख प्रतिपक्ष दलका तर्फबाट माननीय परशु राम मेघी गुरुङ्गलाई आफ्ना भनाइ राख्न समय उपलब्ध गराउनुभयो। माननीय परशु राम मेघी गुरुङ्गले आफ्ना भनाइ राख्नु हुँदै सदन चल्न नसक्ने बताउनुभयो।

सम्माननीय अध्यक्षले प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरुलाई बसेर बैठकको कारवाही अगाडी बढाउँन सहयोग गर्न आग्रह गर्नु हुँदा समेत प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू नबस्नु भएपछि कार्यसूचीको क्रम सङ्ख्या १ र २ मा समावेश गरिएका विषयहरू कार्यसूचीबाट हटाइएको बेहोरा जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय अर्थ मन्त्री जनार्दन शर्मालाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०७८ माथिको दफावार छलफल सदनमा गरियोस" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनु भई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाको बहुमतले स्वीकृत गरेकोले उक्त प्रस्ताव **बहुमत**ले स्वीकृत भएको घोषणा गर्नुभयो।सम्माननीय अध्यक्षले उक्त प्रस्ताव माथि सदनमा दफावार छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै छलफलमा भाग लिन समय उपलब्ध गराउनुहुँदा कुनै पनि दलबाट माननीय सदस्यहरूको नाम प्राप्त हुन नआएकाले उक्त छलफल समाप्त भएको जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि ४५ सम्म र सोसँग सम्बन्धित अनुसूची १ देखि ४ सम्म प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०७८ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाको बहुमतले स्वीकृत गरेकोले उक्त प्रस्ताव बहुमतले स्वीकृत भई अङ्ग बनेको घोषणा गर्नुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँनुहुँदै उक्त प्रस्तावना र नाम प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०७८ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाको बहुमतले स्वीकृत गरेकोले उक्त प्रस्ताव बहुमतले अङ्ग बनेको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय अर्थ मन्त्री जनार्दन शर्मालाई "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त आर्थिक विधेयक, २०७८ लाई मूल रूपमै (सुझाव बिना) पारित गरी प्रतिनिधि सभामा फिर्ता

पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनु भई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाको बहुमतले स्वीकृत गरेकोले उक्त प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्नुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले अर्थ मन्त्री जनार्दन शर्मालाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७८ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनु भई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाको बहुमतले स्वीकृत गरेकोले उक्त प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो। सम्माननीय अध्यक्षले उक्त प्रस्ताव माथि सदनमा दफावार छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै छलफलमा भाग लिन समय उपलब्ध गराउनुहुँदा कुनै पनि दलबाट माननीय सदस्यहरूको नाम प्राप्त हुन नआएकाले उक्त छलफल समाप्त भएको जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले "राष्ट्र ऋण उठाउने विधेयक, २०७८ को दफा २ लाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७८ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाको बहुमतले स्वीकृत गरेकोले उक्त प्रस्ताव बहुमतले अङ्ग बनेको घोषणा गर्नुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँनुहुँदै उक्त प्रस्तावना र नाम प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७८ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाको बहुमतले स्वीकृत गरेकोले उक्त प्रस्ताव बहुमतले अङ्ग बनेको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय अर्थ मन्त्री जनार्दन शर्मालाई "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त राष्ट्र ऋण उठाउने विधेयक, २०७८ लाई मूल रूपमै (सुझाव बिना) पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनु भई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाको बहुमतले स्वीकृत गरेकोले उक्त प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्नुभयो।

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक मिति २०७८ असोज १७ गते आइतवार दिनको १:०० बस्ने गरी दिनको २:१० बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव